१२२०।८३२

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३३७/२०७१/०७२

निर्णय नं. ८३२

जिल्ला रौतहट, ब्रम्हपुरी बस्ने शैलेन्द्र सिंह..........................................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, गाँउ विकास समितिको कार्यालय, ब्रम्हपुरी, रौतहट ............................१ विपक्षी

विषय :- आवश्यक कागजात उपलब्ध गराउनु भनिएकोमा उपलब्ध नगराईएकोले तामेलीमा राख्ने ।

जिल्ला रौतहट, ब्रम्हपुरी बस्ने शैलेन्द्र सिंहले गाँउ विकास समितिको कार्यालय, ब्रम्हपुरी, रौतहट समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।१२ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७१।१२।१९ को पत्रबाट जिल्ला रौतहट, ब्रम्हपुरी बस्ने शैलेन्द्र सिंहलाई आवश्यक कागजात पेश गर्नु भनी पत्राचार गरिएको । उक्त पत्राचार पश्चात पुनरावेदकले आवश्यक कागजात पेश नगरेको तथा सूचना पनि पाएँ नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले आवश्यक कागजात पेश गरी सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ जेठ २ गते रोज १ शुभम्